# किसान-सरकार हातेमालो कार्यक्रम सञ्चालन कार्यविधि,२०७५

भूमि व्यवस्था,कृषितथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश,वीरेन्द्रनगर, सुर्खेत

नेपाल

# अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम सञ्चालन कार्यविधि,२०७५

**प्रस्तावना:** कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अति विपन्न किसान लक्षित किसान-सरकार हातेमालो कार्यक्रम सञ्चालन गरी अति विपन्न किसानको जीवनस्तरमा सुधार गर्ने उद्देश्यले मन्त्रालयले **"अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम सञ्चालन कार्यविधि,२०७५"** तयार गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (क) यस कार्यविधिको नाम "अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम सञ्चालन कार्यविधि,२०७५" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय वा मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र समेतलाई सम्झनुपर्छ।

(ग) अति विपन्न किसान भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा २ रोपनी सम्म जमिन भई सिंचाई सुविधा न्युन रहेका, सो जमिनबाट उत्पादित उपजबाट ३ महिना मात्र खान पुग्ने कृषि मजदुर, पिछडिएको वर्ग, दलित, उत्पीडित तथा अन्य सीमान्तकृत कृषक समेतलाई सम्झनुपर्छ।

(घ) "अनुदान" भन्नाले अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम मार्फत अति विपन्न किसानले प्राप्त गर्ने नगद वा जिन्सी वा सेवा समेतलाई सम्झनु पर्दछ ।

(ङ) "अनुदानग्राही" भन्नाले अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम मार्फत अनुदान प्राप्त गर्ने अति विपन्न किसानलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

३. **संचालन गरिने कार्यक्रमहरु:** प्रत्येक जिल्लाका गरिवी दर बढी रहेको अनुसूची-१ अनुसारका गाउँ/नगर पालिकाको कुनै एक वडा भित्र, अति विपन्न किसानहरुलाई लक्षित गरी स्थानिय आवश्यकता र सम्भाव्यताका आधारमा देहाय अनुसारका कार्यक्रमहरु सञ्चानल गर्न सकिनेछन्:-

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव



गा.विमला के.सी.
मन्त्री

१. कृषि तथा पशुपंछी जन्य वस्तुहरुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी कार्यक्रम,

२. सामुहिक/सहकारी/करारखेती सम्बन्धी कार्यक्रम,

३. लघु उद्योग स्थापना, संचालन र व्यबस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

४. वीउ विजन उत्पादन तथा बिक्रिवितरण गर्ने सम्बन्धी कार्यक्रम,

५. संकलन केन्द्र, हाटबजार तथा कृषि र पशुजन्य वस्तुहरुको खरिद बिक्रि सम्बन्धी कार्यक्रम,

६. व्यवसायसँग सम्बन्धित सिपमूलक तालिम र जनचेतनामूलक कार्यक्रमहरु,

७. कृषि सिंचाई निर्माण, संचालन तथा व्यबस्थापन गर्ने सम्बन्धी कार्यक्रमहरु ।

४. **कार्यक्रम कार्यान्वयन विधिः** अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम कार्यान्वयन विधि देहायअनुसार हुनेछ :-

(१) कृषि ज्ञान केन्द्र/पशुसेवा विज्ञ केन्द्रले कार्यक्रम संचालन गर्ने सम्बन्धित स्थानीय तहसंग समन्वय गरि गाउँ/नगर पालिकास्तरीय अनुसूची -२ बमोजिम **अति विपन्न** किसान-सरकार हातेमालो कार्यक्रम समन्वय समिति गठन गर्नुपर्नेछ ।

(२) **अति विपन्न** किसान-सरकार हातेमालो कार्यक्रम समन्वय समितिले पालिका भित्रको गरिवीको दर सबैभन्दा बढी भएको एक वडा मात्र छनौट गर्नुपर्नेछ ।

(३) **अति विपन्न** किसान-सरकार हातेमालो कार्यक्रम समन्वय समितिले अनुसूची -३ बमोजिम छनौट गरिएको वडा स्तरीय **अति विपन्न** किसान-सरकार हातेमालो कार्यक्रम कार्यान्वयन समिति गठन गर्नुपर्नेछ ।

(४) मन्त्रालय/मन्त्रालय मातहतका अनुदान प्रवाह गर्ने कार्यालयले वडा/समुदाय स्तरीय **अति विपन्न** किसान-सरकार हातेमालो कार्यक्रम कार्यान्वयन समितिसँग समन्वय गरी स्थानीय आवश्यकताको पहिचान गरी समस्या सङ्कलन तथा विश्लेषण गरी दफा ३ अनुसार स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्नुपर्नेछ ।

(५) कार्यक्रमको निर्माण, सञ्चालन, ब्यवस्थापन, उत्पादन, बजारीकरण जस्ता विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दा सम्भव भए सम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता, जनशक्तिको प्रयोग गर्नुपर्नेछ।

५. **भुक्तानी** : कार्यान्वयन समितिको प्रमाणीकरण अनुरुप सम्बन्धित कार्यालयले भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

६. अनुदान रकमः स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही स्थानीय आवश्यकता र सम्भाव्यताको उपयुक्तताको आधारमा सञ्चालन गरिएका कार्यक्रमका लागि कार्यान्वयन समितिको प्रमाणीकरण अनुरुप अनुदान रकम प्रदान गरिनेछ ।

## परिच्छेद-३
## अनुगमन मूल्याङ्कन

७. अनुगमन मूल्याङ्कन : कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-४
## विविध

८. पुरस्कार तथा कार्वाहीको व्यवस्थाः- पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछ :-

१. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

द्रष्टव्यः यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

९. बाधा अड्काउ फुकाउनेः-

१. कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची-१

दफा ३ सँग सम्बन्धित

कार्यक्रम लागू हुने गाउँ/नगर पालिका

| क.स. | जिल्ला | गाउँ/नगर पालिका | गरिवीको दर |
|---|---|---|---|
| १ | दैलेख | चामुन्डा विन्द्रासैनी न.पा. | ४२.६२ |
| २ | डोल्पा | मुड्केचुला गा.पा. | ५४.२३ |
| ३ | हुम्ला | अदान्चुली गा.पा | ७२.८६ |
| ४ | जाजरकोट | कुशे गा.पा. | ४२.९५ |
| ५ | जुम्ला | हिमा गा.पा. | ५८.८४ |
| ६ | कालिकोट | महावै गा.पा | ६६.२१ |
| ७ | मुगु | छायाँनाथरारा न.पा. | ५०.०७ |
| ८ | रुकुम | आठबिसकोट न.पा. | ४२.०३ |
| ९ | सल्यान | दार्मा गा.पा. | ३८.१४ |
| १० | सुर्खेत | चिङ्गाड गा.पा. | ४८.०० |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची-२

दफा ४ को उप-दफा १ सँग सम्बन्धित

<u>गाउँ/नगर पालिकास्तर किसान-सरकार हातेमालो कार्यक्रम समन्वय समिति गठन तथा काम कर्तव्य र अधिकार</u>

१. गाउँ/नगर पालिकास्तर अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम समन्वय समिति :

| | |
|---|---|
| क) अध्यक्ष /प्रमुख, सम्वन्धित गाउँ/नगर पालिका | – अध्यक्ष |
| ख) प्रमुख, कृषि ज्ञान केन्द्र | –सदस्य |
| ग) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | –सदस्य |
| घ) कार्यापालिका सदस्य, सम्बन्धित गाउँ/नगर पालिकाको कृषि हेर्ने | –सदस्य |
| ङ) कार्यक्रमसँग सम्बन्धित कार्यालय प्रमुखले तोकेको प्रतिनिधि, | –सदस्य सचिव |

२. काम कर्तव्य र अधिकारः

(क) अति विपन्न वडाको छनौट गर्ने ।

(ख) स्थानीय आवश्यकता पहिचान गर्ने

(ग) तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण गरी सम्भाव्यता तथा आवश्यकताको आधारमा उपयुक्त कार्यक्रम तर्जुमा गर्ने ।

(घ) कार्यक्रम संचालन र प्रवर्द्धनको लागि समन्वय गर्ने ।

(ङ) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरु, सेवाप्रदायकहरु समन्वय सहकार्य गर्ने ।

(च) कार्यक्रमको अनुगमन, सुपरीवेक्षण गर्ने ।

(छ) कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तथा प्रदेश भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय संग समन्वय र सहकार्य गर्ने ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची-३

दफा ४ को उप-दफा ३ सँग सम्बन्धित

## कार्यक्रम कार्यान्वयन समिति तथा काम कर्तव्य र अधिकार

१. वडास्तरीय अति विपन्न किसान-सरकार हातेमालो कार्यक्रम कार्यान्वयन समितिः

(क) सम्बन्धित वडा अध्यक्ष – अध्यक्ष

(ख) सम्बन्धित पालिका कृषि शाखा प्रमुख –सदस्य

(ग) सम्बन्धित पालिका पशुसेवा शाखा प्रमुख –सदस्य

(घ) सम्बन्धित वडा अगुवा कृषक प्रतिनिधि १ जना –सदस्य

(ङ) सम्बन्धित वडा कृषि सहकारी प्रतिनिधि १ जना –सदस्य

(च) सम्बन्धित वडा अगुवा कृषक प्रतिनिधि १ जना –सदस्य

(छ) प्राविधिक कर्मचारी, कार्यक्रमसँग सम्बन्धित कार्यालय -सदस्य सचिव

२. काम कर्तव्य र अधिकारः

(क) स्थानीय आवश्यकताका आधारमा कार्यक्रम तर्जुमा गर्न समन्वय समितिलाई सहयोग गर्ने ।

(ख) समन्वय समितिबाट सिफारिस भई आए बमोजिम कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(ग) तीन किस्तामा भुक्तानी हुने गरी कार्यक्रम तथा बजेटको परिधि भित्र रही अनुदान रकम र भुक्तानीका तरिका निर्धारण गर्ने ।

(घ) कार्य सम्पन्न भएपछि भुक्तानीका लागि प्रमाणीकरण गर्ने ।

(ङ) समन्वय समितिबाट सिफारिस भई आए बमोजिम कार्यक्रम

(च) कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था, सेवा प्रदायकसँग समन्वय सहकार्य गर्ने।

(छ) वडास्तरको कार्यक्रमको अनुगमन, सुपरिवेक्षण गर्ने ।

(ज) गाउँ/नगरपालिकासँग समन्वय र सहकार्य गर्ने ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री